# सत्ता प्राप्तिमा सतीप्रथा : भीमसेन थापाको षडयन्त्रमा राजराजेश्वरीको सती

2 December 2018/१६ मंसिर २०७५, आइतबार

**सुजित मैनाली**
अनुसन्धाता

**अब्स्ट्रयाक्ट (संक्षेप)**

वि.सं. १९७७ मा चन्द्र शमशेरले उन्मूलन गर्नु अघि सतीप्रथा सांस्कृतिक अभ्यासको रूपमा नेपालको हिन्दू समुदायमा प्रचलित थियो। राजपरिवारमा बढी अभ्यास गरिएको सतीप्रथालाई राजनीतिक स्वार्थ पूर्तिका लागि दुरुपयोग गरिएका एकाध प्रसंग नेपालको इतिहासमा उपलब्ध छन् । यस्तै काम छोरा गीवार्णायुद्धविक्रम शाहको नाममा मुख्तियारी सञ्चालन गरिरहेका स्वामी महाराज रणबहादुर शाहका विश्वासपात्र काजी भीमसेन थापाले गरेका थिए। रणबहादुरको हत्या उनका सौतेनी भाइ शेरबहादुर शाहको हातबाट भएपछि भीमसेनले त्यसलाई सत्तामा एकाधिकार जमाउने राजनीतिक अवसरका रूपमा प्रयोग गरे । रणबहादुरको हत्या गराउने योजनामा संलग्न भएको आरोप लगाएर उनले राजपरिवारका प्रभावशाली पुरुष सदस्य र विरोधी खेमाका प्रभावशाली भारदारहरूको हत्या गराए। बचेका केही प्रभावशाली भारदारलाई विभिन्न बहानामा काठमाडौं बाहिर काममा तैनाथ गराए। बाबु र आमा दुवै नरहेका गीवार्णकी सौतेनी आमामध्ये दुई पटक नायब भएर शासन सञ्चालन गरिसकेकी रणबहादुरकी जेठी महारानी राजराजेश्वरी गीवार्णको नायब बन्ने सम्भावना प्रबल थियो । राजराजेश्वरीलाई भीमसेनले आफ्नो सत्तारोहणको मार्गमा तेर्सिएको बाधा देखे । उनीहरू दरबार भित्रका दुई परस्पर-विरोधी खेमाका प्रतिनिधि थिए । राजराजेश्वरीलाई बाटोबाट पन्छाउन भीमसेनले हेलम्बुमा निर्वासित जीवन बिताइरहेकी उनलाई ल्याएर पतिको मृत्यु भएको नौ दिनपछि जबरजस्ती सती पठाए । र, रणबहादुरकी कान्छी रानी १४ वर्षीया ललितत्रिपुरासुन्दरीलाई राजाको नायब बनाएर उनलाई हातमा लिई करिब तीस वर्षसम्म मुलुकको हर्ताकर्ता बने । सतीप्रथाको आवरणमा राजराजेश्वरीको हत्या गराएर ललितत्रिपुरसुन्दरीलाई नायब नबनाएको भए भीमसेन थापा राज्य सत्तामा उक्लिन र स्थिर रहन सक्ने थिएनन् भन्ने कुरा ललितत्रिपुरसुन्दरीको मृत्यु लगत्तै उनको पतन भएको प्रसंगले स्पष्ट पार्छ।